प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मंत्रालय
प्रदेश वन निर्देशनालय
बागमती प्रदेश
जिल्ला वन पैदावार आपूर्ति समिति चितवन

**गोलिया काठ ढुवानी तथा चिरान गर्ने सिलबन्दी बोलपत्र पेश गर्ने बारेको सूचना ।**

सूचना प्रकाशित मिति २०७८।०८।०८

प्रस्तुत विषयमा जिल्ला वन पैदावार आपूर्ति समिति, चितवनको स्वीकृत कार्ययोजना र जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका, २०६३ अनुसार आ.व. २०७८/०७९ को लागि सर्वसाधारणलाई घरकाज, जनसहभागिताका विकास निर्माण तथा विपद प्रकोप प्रयोजनका लागि गोलिया काठलाई ढुवानी गरी चिरान गर्न परेकोले, चिरान काठ विक्री वितरण गर्न यस समितिको नाउँमा आम्दानी भएका तथा आम्दानी हुने गोलिया काठहरु चिरान गर्नको लागि तोकिएका विभिन्न घाटगद्धी स्थानबाट गोलिया काठ ढुवानी गरी चिरान गर्न चाहने प्रचलित ऐन नियम बमोजिम दर्ता भई सञ्चालनमा रहेका आपूर्ति समितिको डिपो( डि.व.का. कम्पाउण्ड) बाट ५ कि.मी. सम्मको दुरीमा रहेका स:मिलहरुले तल उल्लेखित शर्तहरुको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. तोकिएको घाटगद्धीबाट गोलिया काठ ढुवानी गरी ल्याई आफ्नो स:मीलमा काठ चिरान गरी उत्पादित चिरान काठ, स्ट्रिप, वाकल, समेतको चिरान उत्पादनहरु लोड गरी आपूर्ति समितिको डिपो (डिभिजन वन कार्यालय कम्पाउण्ड) सम्म ढुवानी गराई अनलोडिङ्ग र पाईलिङ्ग समेत गर्ने कार्यको लागि प्रति क्यू.फिट को दर ।

२. बोलपत्र खरिद तथा दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति :- २०७८।०९।०८

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय :- २०७८।०९।०९ दिउँसो १२ वजे भित्र

ग)) बोलपत्र खोल्ने अन्तिम मिति र समय :- २०७८।०९।०९ दिउँसो २.०० वजे

घ) बोलपत्र दाखिला गर्ने कार्यालय :- जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यालय चितवन ।

३. बोलपत्र खरिद गर्न इच्छुक स:मिलको प्रोपाईटरले आफ्नो स:मिलको ईजाजत पत्रको नविकरणको प्रतिलिपी, नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, मू.अ.करदर्ता प्रमाणपत्रको प्रतिलिपि, वोलपत्र माग निवेदन साथ जिल्ला वन पैदावार आपुर्ति समिति, चितवनको कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय चितवनबाट कार्यालय समयमा रु ३,०००।- (पछि फिर्ता नहुने गरी) दखिला गरेपछि बोलपत्र फाराम प्राप्त गर्न सकिने छ ।

४. सिलवन्दी बोलपत्र दाखिला गर्दा रा.वा. बैक भरतपुरमा रहेको धरौटी खाता नं. १३१०१००२०२०३००० कोड नं. ३०७०२३१०१३ खातामा रु.२,००,०००।- (दुई लाख मात्र) नगद धरौटी रकम जम्मा गरेको सक्कल वैक भौचर वा "क" वर्गको मान्यता प्राप्त वैंक वाट यस आपूर्ति समितिको नाममा जारी भएको सर्त रहित १२० दिनको मान्यता भएको सक्कल वोलपत्र जमानत पेश गर्नु पर्ने छ

५. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. वोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र स:मिल तथा यस समिति सँग दुई पक्षिय करारनामा हुने छ ।

७. स:मिल रहेको स्थान आफ्नो जग्गामा भए लालपुर्जा र भाडामा भएमा जग्गा धनि सँग भएको सम्झौताको प्रतिलिपि पेश गर्नु पर्ने छ । काठको सुरक्षाको लागि उक्त जग्गा कम्पाउण्ड/ तारवार वा सुरक्षित भएको हुनु पर्ने छ ।

८. गोलिया काठ घाटगद्धी गर्ने ठाउँ पानी नजम्ने सुख्खा स्थान हुनु पर्ने छ ।

९. रितपुर्वक पर्न आएका वोलपत्रहरु मिति २०७८।०९।०९ गते दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

१० बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

११. स:मिलमा ढुवानी भएको गोलिया तथा चिरान काठ लगायतका उत्पादित वन पैदावार सुरक्षित साथ राख्न सकिने यथेष्ठ स्थान भएको हुनुपर्ने छ । चिरान गरिएका काठ मिलमा रहे सम्मको अवधिमा घाम पानी वाट जोगिने गरी छहारीमा राख्ने व्यवस्था मिलाई स:मिलवालाको जिम्मा रहने र सो को कुनै किसिमले हानी नोक्सानी भएमा त्यसको क्षतिपुर्ति सम्बन्धित स:मिलबाटै असुल उपर गरीनेछ ।

१२. चिरान गर्ने स:मिल जिल्ला वन पैदावार आपूर्ति समिति चितवनको डिपोबाट पायक पर्ने स्थान छोटो वाटोको दुरी बढीमा ५ कि.मि. दुरी भित्रमा रहेको हुनु पर्नेछ ।

१३. काठ चिरान गर्न दक्ष जनशक्ति भएको हुनु पर्नेछ ।

१४. प्राप्त हुन आएका बोलपत्रहरु स्विकृत/अस्विकृत गर्ने अधिकार यस आपूर्ति समितिमा निहित रहने छ ।

१५. लोडसेडिङ्ग भएको अवस्थामा पनि वैकल्पिक उर्जा (जेनेरेटर) बाट चिरान उत्पादन गर्नु पर्ने छ ।

१६. माथी उल्लेखित शर्तहरु पालना गरेको नपाइएमा राखिएको धरौटी रकम जफत गरी सोहि दररेटमा अर्को स:मील सँग यस समितिले सम्झौता गरी कार्य संचालनमा ल्याउन सक्नेछ ।

१७. शिलवन्दी वोलपत्रमा भाग लिन इच्छुक स:मिलले डिभिजन वन कार्यालयवाट आफ्नो टाँचा दर्ता/नविरकण गरेको हुनु पर्नेछ ।

१८. वोलपत्र पेश गर्ने स:मिल वन ऐन तथा वन नियमावलीको वर्खिलाप नगरेको हुनु पर्नेछ ।

१९ वोलपत्रदाताले वोलपत्र खरिद गर्न स्वयम आफै उपस्थित हुनु पर्नेछ आफु उपस्थित हुन नसकेमा कानून वमोजिमको वारिसनामा दिई पठाउनु पर्नेछ ।

२०. सिलवन्दि वोलपत्र पेश गर्दा खाम वाहिर "जिल्ला वन पैदावार आपूर्ति समिति, चितवनको गोलिया काठ चिरान गर्ने वारेको सिलवन्दी वोलपत्र" उल्लेख भएको हुनु पर्ने छ ।

२१. एक स:मिलको नाममा खरिद गरिएको वोलपत्र फारम अर्को स:मिलको नाममा दाखिला गर्न पाइने छैन

२२. प्रचलित कानुन अनुसार ठेक्का वापत तिर्नु पर्ने कर तथा अन्य दस्तुर स:मिलवालाले नै तिर्नुपर्ने छ र चिरान कार्य सम्पन्न भएपछि प्राविधिक प्रतिवेदकका आधारमा कर विजक पेश भएपछि कानूनले तिर्नु वुझाउनु पर्ने रकम कट्टि गरी विल रकम भुक्तानी हुनेछ ।

२३. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मितिदेखि ९० दिनको हुनेछ ।

२४. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

२५. अन्य जानकारीको लागि कार्यालय समय भित्र यस समितिमा सम्पर्क राख्न सकिने छ ।